## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल फागुन २९ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | भारतको National Law University, Jodhpur मा हुने "Special Training Programme for Attorneys from Nepal" कार्यक्रममा सहभागिताको लागि मनोनयन हुनु भएका बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता श्री ज्ञानेन्द्र नेपाललाई उक्त कार्यक्रममा सहभागी हुन सहमति दिने। साथै कूटनीतिक राहदानीको लागि नेपाल सरकारलाई सिफारिस गर्ने |
| २. | बागमती प्रदेशको प्रशासकीय भवनहरू निर्माणको लागि लक्ष्मीपुर चौर (साविक हटिया-२ को कित्ता नं. १९६ क्षेत्रफल (ज.वि.) ५४-११-१० डहरे जङ्गल विरह भएको सरकारी जग्गा मध्येको क्षेत्र) बीच भागमा रहेको खहरे देखि पूर्व हाल हेटौंडा उपमहानगरपालिका-१७ र खहरे पश्चिम हेटौंडा उपमहानगरपालिका १६ पर्ने जग्गामा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment-EIA) यथाशीघ्र भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेशले प्रारम्भ गर्ने। |
| ३. | आर्थिक वर्ष २०७८/०७९ को प्रदेश पूर्वाधार स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम लगायतका कार्यक्रम तर्फको सिर्जित दायित्व व्यवस्थापनका लागि अर्थ विविध (चालू)बाट रकमान्तर गरी भुक्तानी गर्न सशर्त अनुदान सम्बन्धित स्थानीय तहमा निकासा गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल फागुन १६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक श्री विमल पोखरेलले पेश गर्नु भएको राजीनामा स्वीकृत गर्ने र हालसम्म प्रदेश सुशासन केन्द्रमा गर्नु भएको कामको लागि धन्यवाद दिने। |
| २. | तामाङ र नेवारी (नेपाल) भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण सम्बन्धी कार्यदल गठन गर्ने । |
| ३. | १. जंगली हात्तिको आक्रमणबाट मृत्यु भएका मकवानपुर जिल्ला मनहरी-४ का राधा अधिकारी (वर्ष ६४), बकैया-५ का सन्तलाल माझी (वर्ष ५०) र सिन्धुली जिल्ला कमलामाई-१३ का डण्डपाणी पौडेल (वर्ष ४०) को परिवारलाई रु. एक लाखका दरले क्षतिपूर्ति प्रदान गर्ने।<br>२. यसरी प्रदान गर्ने क्षतिपूर्ति रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निकासा दिने र उक्त रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत प्रदान गर्ने व्यवस्था मिलाउने। |
| ४. | थाहा न.पा.सँगको लागत साझेदारीमा शीत भण्डारका लागि यन्त्र उपकरण खरिद अनुदान कार्यक्रम कार्यान्वयनको लागि रु.३,००,००,०००।-(अक्षरेपी तीन करोड रुपैयाँ मात्र) को कार्यक्रम तथा बजेटको अख्तियारी प्रदान गर्न स्वीकृति दिने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल फागुन ५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर" स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| २. | "सङ्गठन संरचना तथा दरबन्दी तेरिज सहितको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण" स्वीकृत गर्ने। |
| ३. | काठमाडौं जिल्ला टोखा नगरपालिका स्थायी ठेगाना भएका डा. दिपेन्द्र श्रेष्ठ र काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-३१ स्थायी ठेगाना भएका डा. जयन्त नाथ खनाललाई आयोगको सदस्य पदमा नियुक्त गर्ने । |
| ४. | "प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ५. | "स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| ६. | बागमती प्रदेश सरकारको चालू खर्चमा कटौती तथा सुधारका सम्बन्धमा देहाय बमोजिम गर्ने ।<br>१. कार्यदलले दिएको प्रतिवेदनमा उल्लिखित तत्काल गर्नुपर्ने कार्य अन्तर्गतका सुझावहरू कार्यान्वयनका लागि सबै मन्त्रालय तथा निकायमा पठाउने ।<br>२. खर्च कटौती तथा बजेट नियन्त्रणका लागि PLMBIS मा बजेट सिलिङ्ग मिलान गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने ।<br>३. आन्तरिक लेखापरीक्षणको क्रममा प्रतिवेदन कार्यान्वयन सम्बन्धमा समेत हेरी प्रतिवेदन गर्न प्रदेश लेखा नियन्त्रकलाई निर्देशन दिने । |
| ७. | माननीय श्रम, रोजगार तथा यातायात मन्त्री श्री एकालाल श्रेष्ठलाई प्रदेश सरकार र नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी एशियन चेस समिट कार्यक्रममा सहभागीताका लागि २०७९।११।१४ देखि २०७९।११।१९ गते सम्मको युनाइटेड अरब इमिरेट्सको भ्रमण स्वीकृत गर्ने तथा निजलाई कुटनीतिक राहदानी उपलब्ध गराउनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने। |
| ८. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश, २०७८ बाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ मा संशोधन वा खारेज गरिएका साविकका व्यवस्थालाई जगाउनका लागि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को साविकको व्यवस्था जगाउने सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७९ लाई बागमती प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| ९. | माननीय स्वास्थ्य मन्त्री श्री रामेश्वर श्रेष्ठलाई स्विटजरल्याण्डको स्वास्थ्य संस्था र अस्पतालहरूमा अवलोकन भ्रमण कार्यक्रममा जानको लागि भ्रमण स्वीकृत गर्ने तथा निजलाई कुटनीतिक राहदानी उपलब्ध गराउनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने। |
| १०. | सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्वन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।